# बर्दगोरिया गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### मुडा, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल

## आ.व. २०८२/०८३ को
## बजेट, नीति तथा कार्यक्रम


बर्दगोरिया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मुडा, कैलाली, सुदूरपश्चिम प्रदेश नेपाल

Bardgoriyamun.gov.np

# गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री गणेश राज गिरीद्वारा प्रस्तुत बर्दगोरिया गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम

## बर्दगोरिया गाउँपालिकाको १६औं गाउँ सभा

### आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

### मिति २०८२/०३/०९ गते

१६औं गाउँसभाका आदरणीय सभाध्यक्ष ज्यू,
सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु,
उपस्थित गाउँपालिकाका कर्मचारी साथीहरु,
सुरक्षाकर्मी लगायत पत्रकार मित्रहरु र उपस्थित अन्य सबै महानुभावहरु ।

सर्वप्रथम, यस बर्दगोरिया गाउँपालिकाको गाउँसभाको १६औं अभिवेशनमा यहाँहरुलाई हार्दिक स्वागत गर्दछु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धीका रुपमा स्थानीय सरकार गठन भै स्थानीय तहको दोस्रो निर्वाचन पश्चात सातौ तथा बर्दगोरिया गाउँपालिकाको १६औं गाउँसभा समक्ष अगामी आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कर्यक्रम प्रस्तुतीका लागि यहाँहरु सामु उपस्थित हुन पाउँदा गौरवान्वित छु ।

यस गाउँसभाको महत्वपूर्ण अवसरमा, मुलुकको शासन व्यवस्था र सामाजिक रुपान्तरणका लागि ऐतिहासिक जनआन्दोलन र संघर्षमा बलिदान दिने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु, साथै सहिद परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु। राष्ट्रको सार्वभौमसत्ता, स्वाधीनता, अखण्डता र स्वाभिमानको संरक्षण गर्दै, राष्ट्रिय एकता, लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, समृद्धि, सुशासन र समतामूलक समाज निर्माणका लागि संघर्ष गर्ने घाइते, बेपत्ता नागरिकहरू, सम्पूर्ण नेपाली जनता र नेतृत्व प्रदान गर्ने आदरणीय अग्रज व्यक्तित्वहरूको योगदानलाई स्मरण गर्न चाहन्छु।

बर्दगोरिया गाउँपालिकाको १६औं गाउँसभासम्म आइपुग्दा हामी जनप्रतिनिधिहरूले तीन वर्षको कार्यकाल सफलतापूर्वक सम्पन्न गरेका छौं। यो अवधिमा जनतासामु गरिएका प्रतिबद्धता अनुसार विकास र समृद्धिको यात्रालाई निरन्तरता दिइएको छ। सुन्दर, समृद्ध र उन्नत गाउँपालिका निर्माणको हाम्रो संकल्प, गाउँपालिका बासिन्दाको समृद्धिको आकांक्षा र निर्वाचनमा मतदाताप्रति व्यक्त गरेका प्रतिबद्धताहरू पूरा गर्ने दिशामा हामीले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमलाई केन्द्रित गरेका छौं। यसका लागि दिगो विकासका राष्ट्रिय लक्ष्यहरूलाई स्थानीयकरण गर्दै, गुणस्तरीय पूर्वाधार निर्माण, स्थानीय स्रोतको पहिचान र परिचालनमार्फत समावेशी, जलवायु अनुकूल र दिगो आर्थिक विकासबाट समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य प्राप्त गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको सहकार्यमा विकासलाई अगाडि बढाउने लक्ष्य राखिएको छ।

गाउँपालिकालाई स्वच्छ, सुन्दर, समृद्ध र योजना अनुसारको शहरी विकासयुक्त उत्कृष्ट गन्तव्य बनाउने लक्ष्यसाथ, भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासको वैज्ञानिक व्यवस्थापन गरिनेछ। सार्वजनिक, निजी र सामुदायिक सहकार्यमा आधारित विकासलाई प्राथमिकता दिइनेछ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

अब म गाउँसभा समक्ष आगामी आ.व.२०८२/०८३को बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१. नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको नीति तथा निर्देशक सिद्धान्तहरु,
२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७४,
४. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ का सान्दार्भिक दफा तथा नियमहरु,
५. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८,
६. बर्दगोरिया गाउँपालिकाबाट जारि गरिएका नीति तथा कानुनहरु,
७. नेपाल सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
८. स्थानीय सरकार संचालन ऐन, २०७४,
९. १५औं योजनाले लिइएका लक्ष्य नीति तथा प्राथमिकताहरु,
१०.राजनीतिक दलबाट प्राप्त सुझावहरु,
११.राजश्व परामर्श समितिको प्रतिवेदन एवं सिफारिस,
१२.स्रोत तथा बजेट सिमा निर्धारण समितिको स्रोत तथा बजेट अनुमानहरु,
१३.बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
१४.बर्दगोरिया गाउँपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
१५.नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासका लक्ष्यहरु,
१६.बर्दगोरिया गाउँपालिकाको चालु आवधिक योजना,
१७.विगतका बर्षहरुमा सम्पन्न भएका गाउँ सभा बैठकहरुबाट भएका निर्णयहरु,
१८.नेपाल सरकार र सुदूरपश्चिम सरकारको आ.व.२०८२/०८३को बजेट वक्तव्य,

**आगामी आ.व. २०८२/०८३को बार्षिक नीति तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार रहेका छन् ।**

१. कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा व्यवसायीकरण
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी
३. भूमी समस्या समाधान आयोगको नापजाँच प्रक्रिया
४. दिगो पूर्वाधार निर्माण तथा विकास
५. युवा, खेलकूद तथा रोजगारी
६. आर्थिक विकास तथा राजश्व परिचालन
७. सूचना प्रविधि तथा संचार
८. सामाजिक विकास तथा गरीबि निवारण
९. मानव संसाधन विकास तथा संस्थागत सुशासन ।

**चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

१. २४सै घण्टा इमर्जेन्सि सेवा सुरु भई सञ्चालनमा आएको १५ शैयाको अस्पतालमा १ जना MDGP, ४ जना MBBS चिकित्सकबाट सेवा प्रदान गर्दै अत्याधुनिक ल्याव सेवा सहित स्वास्थ्य विमा सेवा,

रेविज विरुद्धको खोप सेवा, आँखा उपचार तथा सर्पदंश उपचार लगायतका थप सेवा विस्तार गरी पोष्टमार्टम सेवा संचालनको तयारी अन्तिम चरणमा रहेको ।

२. विभिन्न जनरल तथा विशेषज्ञ निःशुल्क स्वास्थ्य शिविर (आँखा, स्त्रीरोग, नसर्ने रोग, क्यान्सर आदि) सञ्चालन गरिएको।

३. पाठेघरको मुखको क्यान्सर रोगको विरुद्ध खोप अभियान सञ्चालन गरिएको।

४. ६ वटै वडाहरुमा गाउँपालिकाको आफ्नै भवन निर्माण भै वडा कार्यालय संचालनमा आएको ।

५. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको नापनक्सा सम्पन्न भै भूमिहिनलाई लालपूर्जा वितरण गर्ने कार्य शुभारम्भ भई अन्यको प्रक्रियामा रहेको ।

६. माध्यमिक तह सम्म पूर्णरुपमा निःशुल्क शिक्षाको सुनिश्चितताका लागि गा.पा.अनुदानबाट थप दरवन्दी श्रृजना गरि पदपूर्ती गरिएको।

७. उज्यालो गाउँपालिका अभियान अन्तर्गत राजमार्ग क्षेत्र र मुख्य-मुख्य वडाका चोकहरुमा हाइमास्क लाइट जडान गरिएको ।

८. त्रि.वि.वि.बाट सम्बन्धन प्राप्त गरी यस गा.पा.को एकमात्र क्याम्पस बर्दगोरिया कलेज संचालनमा आई पठन-पाठन शुरुवात भई आफ्नै भवन निर्माण प्रक्रियामा रहेको ।

९. पानीपीच कार्यलाई पालिकाकै सवारीसाधन प्रयोग गरी ६ वटै वडाहरुमा द्रुत गतिमा संचालन भई अन्तिम चरणमा पुगेको ।

१०. हाल सम्म सवै वडाहरुमा ८० कि.मी.पानी पीच कार्य सम्पन्न भएको ।

११. हाल सम्म सबै वडाहरुमा २६ कि.मी.सडक कालोपत्रे कार्य सम्पन्न भएको र ८ कि.मी. नयाँ बाटो निर्माण भएको ।

१२. संघीय सरकारको लगानी रहेको काँडा नदीमा पुल निर्माण कार्य सम्पन्न भै संचालनमा आएको र कुइरा नदीमा पक्की पुल निर्माणको कार्य अन्तिम चरणमा रहेको ।

१३. बर्दगोरिया गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्य सम्पन्न भै लागु हुने चरणमा रहेको छ।

१४. वडा नं. २ मा रहेको सहारा घरको एक भवन निर्माण सम्पन्न भई अर्को भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको ।

१५. यस गाउँपालिकालाई आवश्यक पर्ने ऐन, नियमावली तथा कार्यविधि/निर्देशिका, रणनीति तथा कार्ययोजना निर्माण कार्य सम्पन्न भएको ।

१६. प्रदेश सरकार र RDN संस्थाको साझेदारीमा बर्दगोरिया गाउँपालिकाको वडा नं. ४ दानुफाँटामा मुक्त कमैयाहरुको लागि १२ वटा सुरक्षित आवास निर्माण कार्य सम्पन्न भई वडा नं ३ मा थप २१ वटा घर अन्तिम चरणमा रहेको ।

१७. यस बर्दगोरिया गाउँपालिकामा हाल सम्म ३ वटा झुलुङ्गे र २ वटा ठूला पक्की पुल निर्माण सम्पन्न भै संचालनमा आएको।

१८. काँडा र कुइरा नदीमा १ कि.मी. तटबन्धन कार्य सम्पन्न भएको।

१९. हालसम्म ५ वटा कल्भर्ट, १० वटा विद्यालय भवन, १० वटा मठमन्दिर र धार्मिक क्षेत्र निर्माण सम्पन्न भएको।

२०. सम्पूर्ण वडामा आफ्नै भवन निर्माण भई सेवा प्रवाह भएको।

२१. हाल सम्म गाउँपालिकामा २६ कि.मी. कृषि सडक निर्माण भएको ।

२२. राजश्व सुधार कार्ययोजना निर्माण भई कार्यान्वयन चरणमा रहेको ।

२३. विभिन्न वडाहरुमा हाल सम्म २५० हेक्टर भन्दा बढी भूमिमा भुमिगत सिंचाई सुविधा पुगेको ।

२४. सडकपुर बौनियाँ खानेपानीबाट करिब १५०० घर परिवारलाई शुद्ध खानेपानी पुगेको, NWASH को सहकार्यमा ७२ करोडको खानेपानी आयोजना सञ्चालनमा रहेको ।

२५. निःशुल्क महाप्रस्थान यान र मृतक परिवारलाई क्रिया खर्च वापत रु १०,०००/- तत्काल भुक्तानी हुने गरेको।

२६. हाल सम्म २ वटा एम्बुलेन्सबाट गर्भवति महिलालाई सुत्केरी हुन सरकारी संस्थामा पुऱ्याउन निःशुल्क सेवा सञ्चालन गरिएको र अन्य विपन्न नागरिकलाई समेत निःशुल्क सेवा प्रदान गर्दै आएको।

२७. एक सव वहान र एक महाप्रस्थानबाट निःशुल्क सेवा प्रदान गर्दै आएको।

२८. गाउँपालिकाको कार्यालय र अस्पतालमा निरन्तर सेवा प्रदान गर्न वैकल्पिक उर्जाका लागि जेनेरेटर व्यवस्था गरिएको।

**सभाध्यक्ष महोदय,**

यसै क्रममा अब म अगामी आ. व. २०८२/ ८३ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### १. <u>शिक्षा</u>

१. ह्याप्पी स्कूल अवधारणा मार्फत भर्ना दर १००% र विद्यालय छोड्ने दर शून्यमा झर्ने नीति अवलम्बन गरिने छ।

२. दिवा खाजा कार्यक्रमलाई गुणस्तरीय बनाउन विभिन्न निकायसँग समन्वयमा किचन निर्माण तथा व्यवस्थापनलाई सुदृढ गर्ने नीति अवलम्बन गरिने छ।

३. शिक्षा नीति र कानुनी व्यवस्थामार्फत शैक्षिक गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

४. विभिन्न निकायसँग समन्वय गर्दै विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आबद्द् गर्न आवश्यक पहल गरिनेछ।

५. बर्दगोरिया कलेजको पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर वृद्धिको लागि आवश्यक पहल गरिने छ।

६. गाउँ शिक्षा समिति र वडा शिक्षा समितिको क्षमता विकास गरिने छ।

७. सामुदायीक विद्यालयहरुको भवन थप, रंङरोगन तथा मर्मत सम्भार गरिने छ।

८. अंग्रेजी माध्यम शिक्षालाई प्रोत्साहन गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृदी गरिनेछ।

९. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

१०. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिने छ।

११. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१२. EMIS तथा सूचना प्रविधिमार्फत शैक्षिक व्यवस्थापन सुदृढ गर्ने नीति अवलम्बन गरिने छ।

१३. गाउँपालिका अध्यक्षकप खेलकुद कार्यक्रम संचालन कार्यलाई निरन्तरता दिइने छ ।

१४. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी विद्यार्थी/खेलाडी छनौट प्रक्रिया प्रभावकारी बनाइने छ।

१५. अन्तर विद्यालय खेलकुद प्रतियोगिताबाट प्रतिभावान खेलाडी छनौट गरी राष्ट्रिय अन्तराष्ट्रिय खेलमा सहभागी हुन प्रोत्साहनमूलक कार्यक्रम ल्याइने छ ।

१६. सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था थप प्रभाबकारी गरिने छ ।

१७. मुक्त कमैयाहरुका बालबालिकाहरुलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको प्रबन्ध गरिने छ ।

१८. आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम "हाम्रो बर्दगोरिया" को आधारमा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक कार्यान्वयनमा ल्याइने छ ।

## २. भाषा, संस्कृति तथा ललितकलाको संरक्षण, सम्बर्द्धन र विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. मठ, मन्दिर, चर्च आदि धार्मिक क्षेत्रको संरक्षण, सम्बर्द्धन र प्रचार-प्रसारका लागि आवश्यक नीति बनाइ लागु गरिने छ।

२. महोत्सवमा जातीय भेषभूषा, कला, साहित्य, संगीत झल्कने झाँकी प्रदर्शन गर्ने नीति लिइने छ।

३. पर्यटकीय क्षेत्र, संस्कृति र परम्परालाई समेटेर फिल्म/ डकुमेन्ट्री निर्माण गर्नेहरूलाई गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने छ।

४. माघी मिलन, होली, गौरा, तीज, क्रिसमस आदि सांस्कृतिक पर्व तथा महोत्सवको संरक्षण र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ३. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकामा खेलकुद विकास समिति गठन गरी खेलकुद कार्यक्रम सञ्चालन गरिने साथै खेल मैदान निर्माण र मर्मतसम्भार गरिनेछ।

२. युवा बेरोजगारी न्यूनिकरणका लागि सीप र उद्यमशीलता विकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

३. विपन्न युवाहरूलाई इलेक्ट्रोनिक्स, प्लम्बिङ, ब्युटिपार्लर, पशुपालन आदि तालिम संचालन गरी आत्मनिर्भर तथा स्वरोजगार बनाइदै लगिनेछ।

४. खेलकुद प्रतियोगिता आयोजनामा सहकार्य गरिनेछ। युवा क्लब गठन, संवाद अभ्यास र युवामैत्री शासनका लागि पैरवी गरिनेछ।

५. लागूऔषध दुरुपयोग रोकथामका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## ४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. ज्येष्ठ नागरिक परिचय-पत्र वडास्तरबाट प्रदान गरी सम्मान गर्ने नीति लिइनेछ।

२. हिंसा मुक्त गाउँपालिका अभियान, शून्य सहनशीलता र पीडित संरक्षणमा जोड दिइनेछ।

३. बाल क्लब सञ्जाल र बालविकास केन्द्रको सुदृढीकरणमा जोड दिइनेछ।

४. एक वडालाई २०८२/८३ भित्र बालमैत्री घोषणा गरिनेछ। लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्दिै लगिनेछ।

५. अपाङ्गता भएका व्यक्तिका लागि सीप र व्यवसायमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६. बालबालिकाको हक, क्षमता विकास र सामाजिक कुरिती न्युनिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७. किशोरी आत्मरक्षा तालिम, असहाय बालबालिकाका लागि बालकोष र अपाङ्गताका लागि सहायक सामग्री वितरण गरिनेछ।

८. बालविवाह, बहुविवाह, बालश्रम शोषण, छाउपडी प्रथा, लागूपदार्थ दुर्व्यवसनी लगायत सामाजमा विकृति फैलाउने किसिमका सबै कुरितीहरु न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रममा जोड दिने नीति लिइने छ ।

९. अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामाग्री वितरण गरिनेछ ।

## ५. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. दोदोधरा अस्पतालमा विशेषज्ञ चिकित्सकसहित आँखा उपचार, स्वास्थ्य बीमा, अत्याधुनिक ल्याब, २४ सै घण्टा रेविज विरुद्धको खोप, सर्पदंश उपचार, आकस्मिक तथा प्रसूति सेवालाई निरन्तरता दिँदै दन्त सेवा, पोष्ट मार्टम सेवा विस्तार गरिनेछ।

२. दोदोधरा अस्पतालमा जटिल खालका सुत्केरीहरुलाई शल्यक्रिया विधिबाट प्रसुती गराउन CEONC सेवा विस्तार गरिनेछ

३. वडामा रहेका आधारभूत स्वास्थ्य सेवा केन्द्रमा जनशक्ति, पूर्वाधार, निःशुल्क औषधि/सेवामा सुदृढिकरण गरिनेछ।

४. आ.व.२०८२/०८३ मा यस गाउँपालिका लिई पोषण मैत्री गाउँपालिका बनाउन आवस्यक क्रियाकलापहरु गरिनेछ |

५. गर्भवती/सुत्केरीका लागि आइरन चक्की, पोषण सुधार र “अध्यक्षसँग १००० दिने आमा” कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. कुपोषित बालबालिकाका लागि ओटीसी केन्द्र, स्वास्थ्य जाँच, पोषणमा सुदृढीकरण गरिनेछ।

७. ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाहरूका लागि स्वास्थ्य शिविर र स्क्रिनिंग सञ्चालन गरिनेछ।

८. महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान र प्रोत्साहनमा निरन्तरता दिइनेछ।

९. “अध्यक्ष संग जेष्ठ नागरिक कार्यक्रम” संचालन गरि घर घरमा स्वास्थ्यकर्मी गई जेष्ठ नागरिक स्वास्थ्य सेवा प्रदान गरिनेछ |

१०. एच.आई.भी. संक्रमित बालबालिकालाई प्रोत्साहन कार्यक्रम ल्याइनेछ।

११. रेडक्रससँगको सहकार्यमा दोदोधरा अस्पतालमा बल्ड बैंक स्थापना गरी निःशुल्क रक्त सञ्चार सेवा विस्तार गरिनेछ।

१२. आयुर्वेद/वैकल्पिक चिकित्सा विस्तार र योग/ध्यान कार्यक्रम सञ्चालन गरिनेछ।

## ६. पञ्जिकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. आर्थिक वर्ष २०८२।०८३ मा यस गाउँपिलका बर्दगोरिया गाउँपालिकालाई पूर्ण घटना दर्ता पालिका घोषणा गरिने छ ।

२. राष्टिय परिचयपत्र बनाउने स्टेशन स्थापना गरिने छ ।

३. राष्टिय परिचयपत्र सामाजिक सरक्षा तथा व्यक्तीगत घटना सम्बन्धी जनचेतना कार्यक्रम गरिने छ।

# आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

## १. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. उद्योग वाणिज्य संघसँग साझेदारी गरी औद्योगिक विकास र प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरिनेछ।

२. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण र नामसारीलाई सूचना प्रविधिमार्फत सरल र प्रभावकारी बनाइनेछ।

३. लगानीमैत्री नीति र औद्योगिक पूर्वाधार सुदृढ गरी उद्योग र पर्यटन विकास गरिनेछ।
४. पर्यटन गुरुयोजना बनाई पूर्वाधार विस्तार र पर्यटन विकास कार्यक्रम सञ्चालन गरिनेछ।
५. पर्यटकीय स्थलहरू जोड्न पर्यटकीय सडक सञ्जाल निर्माण शुरू गरिनेछ।
६. विभिन्न जातजातिका पर्व, संस्कार र संस्कृतिको प्रवर्द्धन गरिनेछ।
७. पर्यटकहरूका लागि होमस्टे, स्थानीय अर्गानिक खाद्य उत्पादन र सांस्कृतिक पहिचान प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ।
८. डिजिटल डिस्प्ले/बिलबोर्ड, डकुमेन्ट्री र ब्रोशरमार्फत पर्यटकीय स्थलको प्रचार गरिनेछ।
९. अन्य स्थानीय तहसँग भगिनी सम्बन्ध विस्तार गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
१०. भलमन्सा र बडघर परम्परालाई जोड दिन आवश्यक पहल गरिनेछ।
११. जातजातिका चाडपर्वमा स्थानीय विदा र संस्कार-संस्कृति प्रवर्द्धन गरिनेछ।

**२. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. वितरित कृषि सामाग्री तथा यन्त्र उपकरणको प्रभावकारी उपयोग अनुगमन गरिनेछ।
२. कृषकहरुका लागि रासायनिक मल सहज उपलब्ध गराउन समन्वय गरिनेछ।
३. विषादीको सुरक्षित प्रयोग, IPM पाठशाला र बाली उपचार शिविर सञ्चालन गरिनेछ तथा विषादी परीक्षण प्रयोगशाला स्थापनाका लागि पहल गरिनेछ।
४. कृषि उत्पादनको भण्डारण र प्रशोधनका लागि सञ्चालनमा आएको कोल्ड स्टोर र च्याम्बरलाई अन्य वडामा विस्तार तथा सुदृढीकरण गरिनेछ।
५. आँप, केरा, लिची आदिको व्यावसायिक फलफूल बगैचा स्थापना गरिनेछ र पुष्प खेती प्रवर्द्धनमा जोड दिइनेछ।
६. एक वडा एक फलफूल बगैंचा कार्यक्रम सञ्चालन गरिनेछ।
७. कृषि फर्म प्रवर्द्धनका लागि सिँचाइमा ८५% अनुदान दिइनेछ।
८. मुक्त कमैया, हलिया, कमलरी, दलित एकल महिला, अपाङ्ग लगायत विपन्न वर्गलाई निःशुल्क बीउ उपलब्ध गराइनेछ।
९. किसान सूचीकरण कार्यक्रम सञ्चालन गरी कृषक परिचयपत्र वितरण गरिनेछ।
१०. तरकारी खेती (व्यावसायिक, करेसाबारी, बगर, करार, कौशी) लाई तालिम, प्रविधि र लगानीसहित प्रोत्साहन गरिनेछ।
११. कृषि उपज ढुवानीका लागि कृषि एम्बुलेन्स व्यवस्थाका लागि पहल गरिनेछ।
१२. मासु पसललाई स्वास्थ्य मापदण्डमा आधारित बनाइनेछ।
१३. पशु पंक्षी तथा पशु जन्य उत्पादन का लागी ब्यबसायीक रुपमा गाई, भैसी, बाख्रा ,बंगुर , कुखुरा तथा माछा पालन मा जोड दिईने छ ।
१४. मासु र डेरी पसल सुधार र पशुजन्य उत्पादनको बजारीकरणमा जोड दिँदै पशु हाटबजार सञ्चालनको पहल गरिनेछ।
१५. पशु आहार, सेवा, रोग नियन्त्रण कार्यक्रमलाई प्राथमिकता दिइनेछ।
१६. ६ वटै वडाहरुमा हाटबजारलाई व्यवस्थित गरिनेछ।
१७. माछापालन विस्तार र प्राकृतिक तालको संरक्षण गरी उत्पादकत्व बढाइनेछ।
१८. दूध, माछा, मासुको गुणस्तरीय बजार प्रवर्द्धन गरिनेछ।
१९. सामुदायिक चौपायाको व्यवस्थापन, उपचार र भ्याक्सिनेसनलाई निरन्तरता दिइनेछ।
२०. पशुपंक्षी तथा बाली बिमामा चेतनामूलक कार्यक्रम प्रभावकारी बनाइनेछ।

## ३. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. बर्दगोरिया गाउँपालिकाका हरेक परिवारलाई सहकारीमा पहुँच हुने गरी सहकारी संस्थाको नियमन, प्रशिक्षण र प्रवर्धन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

२. नयाँ सहकारी संस्था दर्ता गर्नु भन्दा कार्य प्रकृतिका आधारमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

३. सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने छ।

४. बर्दगोरिया गाउँपालिका नियमनक्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी व्यवस्थापन सूचना प्रमाणी (COPOMIS) मा अनिवार्य आवद्धता गरिनेछ ।

## ४. श्रम रोजगार सम्बन्धी नीति तथा कार्यक्रम

१. बर्दगोरिया गाउँपालिकाको रोजगार रणनीति स्वीकृत गर्दै एकीकृत रोजगार सेवा व्यवस्थित गरिनेछ।

२. “श्रमलाई सम्मान, बर्दगोरियाको अभियान” नारालाई सार्थक बनाउन श्रमिकलाई सम्मान र पुरस्कृत गरिनेछ।

३. सूचीकृत बेरोजगारलाई काममा लगाउन ससर्त बजेटमा निर्माण सामग्री खरिद र ज्यालामा सहकार्य गरिनेछ। रोजगारी सृजनाका लागि निजी, सरकारी र गैरसरकारी क्षेत्रसँग सहकार्य गरिनेछ।

४. वैदेशिक रोजगारीलाई सुरक्षित, पारदर्शी र व्यवस्थित बनाउन श्रम स्वीकृति र कल्याणकारी सेवा र कन्सुलर सेवामा सहजीकरण गरिनेछ।

५. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु लक्षित SaMi परियोजनासंग सहकार्य गर्दै संचालन गरिनेछ।

६. युवारुप YATI अन्तर्गत संचालन हुने रोजगारी सृजना, कर्मचारी ब्यवस्थापन आदिलाई स्थानीकरण गरिनेछ।

७. बाल श्रम मुक्त पालिका घोषणाका लागि लक्षित कार्यक्रम संचालन गरिनेछ।

८. रोजगारी सम्बन्धी अध्ययन, नयाँ क्षेत्र पहिचान, रोजगार नक्शांकन र Job Matching गरी एकीकृत रोजगार सेवा संचालन गरिनेछ।

## ५. उद्यम विकास सम्बन्धी नीति

१. सामाजिक परिचालन, उद्यमशीलता, सीप विकास, वित्तीय सेवा, प्रविधि, बजारिकरण र व्यवसायिक परामर्शलाई एकीकृत रूपमा प्रदान गरिनेछ।

२. दलित, महिला, जनजाति, विपन्न, किसान, मजदुर र बेरोजगारलाई स्थानीय स्रोत र सीपमा आधारित उद्यमबाट रोजगारी सृजना गरिनेछ।

३. बजारको माग र स्रोतसाधनमा आधारित उद्योग स्थापना र सञ्चालित उद्योगको स्तरोन्नति गरिनेछ।

४. उद्योगका लागि आवश्यक जनशक्ति विकास र क्षमता अभिवृद्धि गरिनेछ। स्थानीय स्तरमा रोजगारी सृजना गरी गाउँपालिकालाई समृद्ध बनाइनेछ। उत्कृष्ट महिला उद्यमीलाई पुरस्कार प्रदान गरिनेछ।

५. स्वरोजगारी सृजनाका लागि सीप विकास तालिम (बारबर, अटोमोबाइल, मेसन, ड्राइभिङ्ग...) संचालन गरिने छ ।

६. स्वरोजगारका लागि सीप, पूँजी, तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।

७. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) लाई थप सुदृढीकरण गर्दै सञ्चालन गरिनेछ।

## सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. बर्दगोरिया गाउँपालिका युवाहरूका लागि कम्प्युटर तालिम, मोबाइल एप विकास तालिम आदि जस्ता आवस्यक तालिमको सञ्चालन गरिने छ।

२. सार्वजनिक सूचना प्रवाह प्रणाली, (वेबसाइट, सूचना बोर्ड, मोबाइल एप्स)जडान, सञ्चालन तथा निर्माणमा विशेष जोड दिइनेछ।

३. GIS मा आधारित योजना निर्माण र स्रोत व्यवस्थापन गरिने छ।

४. विद्यालयहरूमा ICT प्रयोग (स्मार्ट कक्षा, कम्प्युटर शिक्षा) गरी विद्यार्थीहरू को पठन पाठन को व्यवस्था गरिने छ।

५. इ-फाइलिङ प्रणालीको विकास गरी अफलाइन डाटाहरु लाई डिजिटाईजेशन गर्ने कार्यको थालनी गरिने छ।

६. सरकारी सेवा सकेसम्म डिजिटल प्लेटफर्मबाट उपलब्ध गराउने नीति लिइने छ।

## कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. मेलमिलापकर्ता ,एकल, बृद्ध, अपांग, एवम पछाडी परेका बर्गहरुलाई स्थानिय सरकार संचालन ऐन, अन्य नियम कानुन सम्बन्धि ज्ञान हुने किसिमका प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

१. "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने सिद्धान्तअनुसार बर्दगोरिया गाउँपालिकाको न्यायिक समितिबाट विवाद र मुद्दाहरू छिटो, पारदर्शी र प्रभावकारी रूपमा सम्पादन गरिनेछ।

४. सबै वडाका मेलमिलाप केन्द्रलाई सुदृढ गरी स्थानीय विवाद वडास्तरमै निरूपण गर्दै "विवादको साटो मेलमिलाप" को नीति कार्यान्वयन गरिनेछ।

५. न्यायिक समितिको क्षेत्राधिकारभित्रका विवाद शीघ्र निरूपण गर्न आवश्यक नीति र कानुन बनाइनेछ।

६. न्यायिक समितिका पदाधिकारी र कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ।

७. गाउँसभाबाट निर्मित ऐन—कानुन संग्रह गरी स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ।

८. मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि नीति, कानुन र कार्यक्रम सञ्चालन गरिनेछ।

९. न्याय सम्पादनलाई व्यवस्थित गर्न डिजिटल प्रणाली लागू गरिनेछ।

१०. मेलमिलाप तथा मध्यस्थताबाट समाधान हुन नसकेका मुद्दाहरुलाई समयमा नै सुनुवाई गर्नका लागि गाउँपालिका न्यायीक समितिको कार्यलाई थप व्यवस्थित, प्रभावकारी र सर्वसुलभ बनाइने छ।

११. स्थानीय तहका जनप्रतिनिधिहरुको लागि न्यायीक अधिकार र स्थानीय सरकार संचालन ऐन कानुन तथा नयाँ कानुन सम्बन्धी प्रशिक्षण कार्यक्रम संचालन गरिने छ ।

१२. मेलमिलापकर्ताहरुलाई आवश्यक कानुनी ज्ञान सम्बन्धी पुनरताजकिय तालिम संचालन गरिने छ।

१३. एकल महिला विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरुलाई न्यायीक समितिमा निवेदन दर्ताको लागि निःशुल्क व्यवस्था गरिने छ ।

१४. विपन्न वर्गहरुका लागि कानुनी उपचार राहत कोष स्थापना गरिने छ ।

१५. बर्दगोरिया गा.पा. का ६ वटै वडाहरुमा मेलमिलाप सम्बन्धी न्याय निरुपण कार्यक्रम संचालन गरिने छ ।

## सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. श्रमिकलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य समावेश गराउने नेपाल सरकारले गरेको निर्णय अनुरुप गाउँपालिकाका सबै ज्यालादारी, करार कर्मचारीलाई कोषमा आबद्धता गराइनेछ। साथै निजि तथा अन्य क्षेत्रमा कार्यरत श्रमिकलाई कोषमा आबद्ध गराउन रोजगारदाता सँग आवश्यक पहल गरिनेछ।

३. नगर प्रहरी भर्ना गरी विकास निर्माण, बजार अनुगमन, अतिक्रमण नियन्त्रण, राजस्व संकलन, विपद् व्यवस्थापन र न्यायिक निर्णय कार्यान्वयनमा परिचालन गरिनेछ।

४. सेवा प्रवाहमा सुधारका लागि विषयगत शाखाहरूलाई साधन-स्रोतयुक्त बनाइनेछ।

५. आवश्यक ऐन, नियम, कार्यविधि र मापदण्ड बनाई सुशासन र विधिको शासन कायम गरिनेछ।

६. बाँकी बक्यौता, पेश्की र बेरुजु अद्यावधिक गरी कडाइका साथ फछ्यौट गरिनेछ।

७. मासिक आय-व्यय गाउँपालिका र वडा कार्यालयको सूचनापाटी र वेबसाइटमा प्रकाशित गरिनेछ।

८. मानव संशाधन अपर्याप्त क्षेत्रमा विज्ञहरूलाई सहजकर्ता वा विशेषज्ञको रूपमा प्रयोग गरिनेछ।

९. जनप्रतिनिधि र कर्मचारीको सीप-क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी र अध्ययन भ्रमण प्रभावकारी बनाइनेछ।

१०. सेवा र विकास निर्माणमा भ्रष्टाचार, अपारदर्शिता र ढिलासुस्तीमा शून्य सहनशीलता नीति लागू गरिनेछ; सुझाव पेटिका व्यवस्थित गरिनेछ।

११. प्रशासन, योजना, लेखा, नक्सा, राजस्व आदि सेवामा सफ्टवेयर बनाई कागजविहीन विद्युतीय प्रणाली लागू गरिनेछ।

१२. सार्वजनिक खर्चलाई नतिजामुखी बनाउन मध्यकालीन खर्च संरचना (MTEF) प्रयोग गरिनेछ।

१३. संघीय, प्रदेश र अन्य स्थानीय तहसँग सहकार्य र समन्वयका लागि नीति तर्जुमा गरिनेछ।

१४. भ्रष्टाचारमा शून्य सहनशीलता नीति कडाइका साथ लागू गरिनेछ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. गाउँपालिकामा स्वच्छ खानेपानी वितरण प्रणाली सुदृढ गरिनेछ।

२. सरसफाइ व्यवस्थापनमा सामुदायिक संस्था, स्वयंसेवक र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

३. खानेपानी समस्याको तत्कालीन, अल्पकालीन र दीर्घकालीन समाधानका लागि स्रोत खोजी र NWASH योजना कार्यान्वयनलाई थप व्यवस्थित गरिनेछ।

४. सडक र सार्वजनिक स्थानलाई हरियाली, सुन्दर र सफा राखिनेछ।

५. फोहोर संकलन र व्यवस्थापनमा टोल विकास र सामाजिक संस्थाहरूसँग सहकार्य गरिनेछ।

६. अस्पतालजन्य फोहोर व्यवस्थापनमा सम्बन्धित निकायलाई जिम्मेवार बनाई, फोहोर फाल्नेलाई जरिवाना गरिनेछ।

७. प्लास्टिक झोलाको प्रयोग निरुत्साहित गरी फोहोर नियन्त्रण गरिनेछ।
८. सार्वजनिक शौचालय निर्माण र सञ्चालनलाई अभियानका रूपमा अगाडि बढाइनेछ।

**ख. वन वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

१. वन र वातावरण संरक्षणका लागि कानुनी आधार तयार गरी प्राविधिक सेवा प्रवाहमा जोड दिइनेछ।
२. वन अतिक्रमण नियन्त्रण, सामुदायिक वनको कार्ययोजना स्वीकृत, राजस्व वृद्धि र संरक्षण-जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।
३. जोखिमयुक्त रुख व्यवस्थापनका लागि समन्वयात्मक नीति अपनाइने छ।
४. गाउँपालिकालाई वातावरणमैत्री घोषणा गर्ने गरी कार्य संचालन गरिनेछ।
५. पूर्वाधार आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन (IEE/EIA) व्यवस्थित गरिनेछ।
६. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन र वन संरक्षण गरी जीविकोपार्जन अवसर वृद्धि गरिनेछ।
७. तालतलैया र प्राकृतिक डाँडाकाँडाको संरक्षण र वृक्षारोपणमा जोड दिइनेछ।
८. वातावरण संरक्षणमा टोल, नागरिक, निजी क्षेत्र र गै.स.स.को सहभागिता सुनिश्चित गरिनेछ।
९. पूर्वाधार विकासमा विपद् जोखिम न्यूनीकरण नीति पालना गरिनेछ।
१०. जलवायु परिवर्तन अनुकूलन, खाद्य उत्पादन संरक्षण र जलाधार क्षेत्रको अतिक्रमण नियन्त्रण गरिनेछ।
११. पोखरी संरक्षण, पहिरो नियन्त्रण, नदी नियन्त्रण र भूसूचना प्रणालीमार्फत जोखिम विश्लेषण गरिनेछ।
१२. तालतलैयाको संरक्षण र ठेक्कामार्फत राजस्व वृद्धि गरिनेछ।
१३. विपद् जोखिम न्यूनीकरण र जलवायु उत्थानशील योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
१४. नदीजन्य पदार्थको अवैध दोहन नियन्त्रण गरिनेछ।
१५. भूकम्प प्रतिरोधी भवन निर्माणलाई प्राथमिकता दिइनेछ।
१६. विपद् जोखिम न्यूनीकरण रणनीति २०८१-०९० कार्यान्वयनलाई व्यवस्थित गरिनेछ। स्थानीय विपद् तथा जलवायु उत्थानशिल कार्यढाँचा अनुरुपको क्रियाकलापमा जोड दिइनेछ।
१७. दमकल खरिद र स्थानीय आपतकालीन केन्द्र सञ्चालनमा जोड दिइनेछ।
१८. विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन र राहत व्यवस्थापन गरिनेछ।
१९. जोखिम क्षेत्र पहिचान र विशिष्ट विपद् प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ।
२०. विपद् पूर्व तयारी, जोखिम न्यूनीकरण र तालिम सञ्चालन गरिनेछ।
२१. विपद् पूर्व तयारी, उद्धार, राहत भण्डारण र समन्वय नीति अवलम्बन गरिनेछ।
२२. लागुऔषधि, सडक दुर्घटना र आत्महत्या नियन्त्रणका लागि जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
२३. फोहोर प्रशोधन सञ्चालनका लागि सार्वजनिक-निजी साझेदारी नीति लिइनेछ।
२४. विपद् व्यवस्थापनमा संघ, प्रदेश, समुदाय र निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

## भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना कार्यान्वयन गरिनेछ।
२. सडक र पूर्वाधारको नियमित मर्मत र स्तरोन्नति गरिनेछ।
३. दिगो, वातावरणमैत्री र सहभागितात्मक प्रणालीबाट पूर्वाधार विकास गरिनेछ; लागत सहभागी योजनाहरू मात्र उपभोक्ता समितिबाट सञ्चालन हुने।
४. आयोजना बैंक स्थापना गरी क्रमशः कार्यान्वयन गरिनेछ।

५. अटो रिक्साका लागि व्यवस्थित पार्किङ र बिसौनीको व्यवस्था गरिनेछ।
६. गुणस्तरीय निर्माण गर्ने कम्पनीलाई पुरस्कृत, समयमा काम नगर्नेलाई जरिवाना र कालोसूचीमा राखिनेछ।
७. उपभोक्ता समितिलाई तालिमपछि मात्र योजना सम्झौता र कार्यान्वयनको व्यवस्था गरिनेछ।
८. सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
९. सुरक्षित र रोजगारीमूलक स्थानमा सहुलियत आवास योजना लागू गरिनेछ।
१०. एकीकृत शहरी/वस्ति विकास योजनाका पूर्वाधार निर्माणमा सरकार र साझेदारसँग सहकार्य गरिनेछ।
११. गौरव आयोजनाहरू पहिचान गरी स्रोत अभावबिना कार्यान्वयन गरिनेछ।
१२. अधुरा योजनाहरू सम्पन्न गर्न क्रमागत बजेट विनियोजन गरिनेछ।
१३. राष्ट्रिय भवन संहिता पूर्ण कार्यान्वयन गरिनेछ।
१४. सार्वजनिक/व्यावसायिक भवनमा पार्किङ अनिवार्य र आवासीयमा "एक घर-एक बिरुवा" नीति लागू गरिनेछ।
१५. भू-उपयोग नीति लागू गरिनेछ।
१६. सडक मापदण्ड कायम गरी समस्याको समन्वयात्मक समाधान गरिनेछ।
१७. गाउँपालिकाको भौतिक संरचनाको आवधिक मर्मत गरिनेछ।
१८. सम्पत्ति व्यवस्थापन सूचना प्रणाली (PAMS) प्रभावकारी कार्यान्वयन गरिनेछ।
१९. निजी क्षेत्रसँग साझेदारीमा पूर्वाधार आयोजना सञ्चालन गरिनेछ।
२०. सहरी सडकमा पक्की नाली निर्माणलाई प्राथमिकता दिइनेछ।
२१. प्राविधिकहरूको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।
२२. निर्माणाधीन योजनाहरूको दिगोपनका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ।
२३. सामाजिक न्याय र समावेशिताका आधारमा योजना छनोट र प्राथमिकीकरण गरिनेछ।
२४. नदी नियन्त्रणका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ।
२५. गाउँपालिकाको विकासका लागि गुरुयोजना अनुरुप बजेट तर्जुमा गरिनेछ।
२६. विपद् र जलवायु परिवर्तन प्रतिरोधी पूर्वाधार डिजाइन गरिनेछ।
२७. RDN सँग साझेदारीमा मुक्त कमैयाहरूका लागि सुरक्षित आवास निर्माण गरिनेछ।
२८. NBC लागु गरी भुकंप प्रतिरोधात्मक भवन निर्माण गरिने छ ।
२९. प्रमुख बजारलाई व्यवस्थित रुपमा सहरीकरण उन्मुख गराइने छ ।
३०. बसपार्क निर्माण कार्यलाई प्राथिमकता दिइने छ ।
३१. कालोपत्रे, आर.सि.सि. पक्की नाला, कल्भर्ट निर्माण गरी सडक विस्तारलाई प्राथमिकता दिइने छ।

## कर सेवा शुल्क राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय स्रोतमा सम्भाव्यता अध्ययन, राजस्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण र गैर-सरकारी संस्थाहरूसँग समन्वय गरी स्रोत परिचालन गरिनेछ।
२. न्यूनतम कर दर कायम गरी दायरा विस्तार गरिनेछ; प्रगतिशील कर प्रणाली लागू गरी असमानता न्यूनीकरण गरिनेछ।
३. आन्तरिक राजस्व वृद्धिका लागि नयाँ कर क्षेत्रहरू पहिचान गरिनेछ। प्रगतिशील कर प्रणालीअनुसार करको दायरा बढाइनेछ।

४. वडा कार्यालयसँग समन्वय गरी घरधनी र बहालवालाको अभिलेख अद्यावधिक गरी घर बहाल कर चुहावट नियन्त्रण गरिनेछ।

५. सार्बजनिक तथा गुठीको स्वामित्वका संरचना, जग्गाको बहाल रकम बजार दरअनुसार पुनरावलोकन गर्न गाउँपालिकाले प्रतिस्पर्धा बिधी मार्फत कार्यान्वनमा लगिनेछ ।

६. संघीय/प्रदेश कानून अनुसार गाउँपालिकाबाटै नदीजन्य पदार्थ उत्खनन र बिक्रीको वैकल्पिक विधि अपनाइने छ।

७. करदातालाई कर दायित्व र समयसीमाबारे विद्युतीय सन्देशमार्फत जानकारी दिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री र करदातामैत्री बनाइनेछ।

९. अव्यवस्थित बसोबासमा प्रगतिशील घरधुरी कर लागू गरिनेछ।

१०. नियमित कर तिर्ने करदातालाई वार्षिक सम्मान गरिनेछ; कर र सेवा शुल्क व्यवस्थित गरिनेछ।

११. एकीकृत सम्पत्ति र बहाल बिटौरी कर व्यवस्थित रूपमा लागू गरिनेछ।

१२. निर्माण भइसकेका घरहरुको अभिलेख दर्ता खुला गरि अभिलेखीकरण गरिनेछ।

१३. घर नक्सा पास, प्रमाणीकरण, र सिफारिसलाई सहज बनाइनेछ; उत्पीडित, दलित, विपन्न र अपाङ्गलाई निःशुल्क सिफारिस प्रदान गरिनेछ।

१४. घर बहाल कर व्यवस्थापन गर्न न्यूनतम दर निर्धारण गरी घर बहाल कर लागू गरिनेछ; घरधनी र व्यवसायीको तथ्याङ्क अद्यावधिक गरिनेछ।

१६. मुक्त कमैया, हलिया, सुकुम्बासी, शहीद, बेपत्ता र द्वन्द्वपीडितका लागि व्यवसाय दर्ता निःशुल्क गरिनेछ।

१७. करदाता शिक्षा र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१८. आवासीय र खेतीयोग्य जग्गाको वर्गीकरणलाई थप व्यवस्थित गरिनेछ।

१९. एकद्वार प्रणालीमार्फत गैर-सरकारी संस्थाहरूको बजेट र कार्यक्रम समयमै पेश गर्ने व्यवस्था गरिनेछ।

२०. कर र गैर-कर राजस्व अनुगमनका लागि टोली गठन गरी कडाइका साथ लागू गरिनेछ।

२१. प्रशासनिक खर्च मितव्ययी बनाई आन्तरिक स्रोतले चालु खर्च धान्ने नीति अपनाइने छ।

२२. नदी र सार्वजनिक स्थलबाट बालुवा, ग्राभेल, माटो र ढुङ्गा उत्खनन दिगो बनाइनेछ।

२३. अटो तथा इ-रिक्साको दर्ता प्रक्रियालाई कार्यान्वयनमा ल्याई राजश्व परिचालनको दायरा विस्तार गरिने छ ।

धन्यवाद ।

गणेश राज गिरी
उपाध्यक्ष
बर्दगोरिया गाउँपालिका कार्यालय मुडा, कैलाली
मितिः २०८२ साल अषाढ ०९ गते
बर्दगोरिया गाउँपालिका आ.व.२०८२/०८३को

# बर्दगोरिया गाउँपालिका आ.व. २०८२/०८३ को

# बजेट वक्तव्य

## गाउँपालिकाका उपाध्यक्ष श्री गणेश राज गिरीबाट मिति २०८२ असार ९ गते सोमबारका दिन गाउँ सभाको १६औं अधिवेशनमा प्रस्तूत आ.व. २०८२/०८३ को बजेट वक्तव्य

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

१. नेपालको संविधानको धारा २३० मा उल्लेखित प्रत्येक आर्थिक वर्षको राजश्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभामा पेश गरी पारित गराउनु पर्ने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम यस गरिमामय गाउँ सभाको १६औं अधिवेशनमा बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु । गाउँपालिका बासीका सुशासन, विकास र समृद्धी सम्बन्धी आकांक्षालाई सम्बोधन गर्ने गरी तयार पारिएको आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित गाउँ सभाको अधिवेशनमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

२. ऐतिहासिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जलि अर्पण गर्नुका साथै सहिद परिवारजनमा उच्च सम्मान प्रकट गर्दछु। मुलुकको सार्वभौमिकता, स्वाधिनता, अखण्डता तथा स्वाभिमानको रक्षा गर्दै राष्ट्रिय एकता लोकतन्त्र, सामाजिक न्याय, समानता, विकास, सम्वृद्धि, सुशासन र समतामूलक राष्ट्र निर्माणका लागि संघर्ष गर्नुहने जनआन्दोलनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नुहुने आदरणीय अग्रज व्यक्तित्वहरुको योगदानको स्मरण गर्न चाहन्छु ।

३. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित स्थानीय तहका एकल तथा साझा अधिकार, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, १६औं आवधिक योजना, सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, दिगो विकासका लक्ष्य, गाउँपालिकाबाट समय-समयमा जारी भएका नीति तथा कानून, गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम लगायत नेपाल सरकार र सुदूपश्चिम प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई आधार लिएको छु। बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा राजनैतिक दल, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा योजना तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका सदस्य, विषयगत शाखाको राय, सल्लाह तथा सुझावलाई मार्गदर्शनको रुपमा लिई निजी तथा सहकारी क्षेत्र, स्थानीय विज्ञ, नागरीक समाज तथा गाउँबासीबाट प्राप्त राय, सुझावलाई समेत समावेश गरेकोछु।

४. आगामी आर्थिक वर्ष २०८२।०८३ का लागि प्रस्तुत यो बजेट स्थानीय तहको दोस्रो निर्वाचन पश्चात जनअनुमोदित स्थानीय सरकारका जनप्रतिनिधिहरुको कार्यकालको चौथो बजेट हो। यसको कार्यान्वयनबाट बर्दगोरिया गाउँपालिकाको समग्र विकास, सुशासन, प्रभावकारी सेवा प्रवाह एवम् समृद्धीको गाउँपालिका बासीको चाहानालाई पुरा गर्ने विश्वास लिएको छु।

५. प्रस्तुत बजेट तथा कार्यक्रम तर्जूमा गर्दा आय बमोजिमको प्रभाबकारी व्यय गरी गाउँपालिकाको समृद्धि तर्फको यात्रा पुरा गर्न आ.व २०८२/०८३ को नीति तथा कार्यक्रमको प्रथमिकताको आधारमा बजेट विनियोजन हुने व्यवस्था मिलाएको छु ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

अब म यहाँहरु समक्ष गत आर्थिक वर्ष २०८०/०८१ को यथार्थ आय व्ययको जानकारी गराउने अनुमति चाहन्छु।

**६.** गत आर्थिक वर्ष २०८०/०८१ मा आन्तरिक स्रोतबाट १ करोड ९० लाख ५७ हजार ८ सय ३८, अन्तरसरकारी वित हस्तान्तरण एवम् राजश्व बाँडफाँडबाट ४० करोड ८३ लाख ३ हजार ६ सय ६१ र सरी आएको मौज्दात ९ करोड ६८ लाख ८२ हजार ४ सय ८९ गरी कुल ५१ करोड १९ लाख ६ हजार ६ सय ८१ आम्दानी भएको देखिन्छ। यसैगरी, व्यय तर्फ कुल ४८ करोड ५९ लाख २१ हजार ३ सय ३१ मध्ये चालु तर्फ ३० करोड १३ लाख ६४ हजार ३ सय १७, पुँजीगत तर्फ १८ करोड ४५ लाख ५७ हजार १४ रहेको देखिन्छ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

अब म चालु आर्थिक वर्ष २०८१/८२ को जेठ मसान्त सम्मको संसोधीत आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. चालु आर्थिक वर्ष २०८१/८२ को प्रक्षेपित कुल आय रु. ८० करोड १ लाख मध्ये आर्थिक वर्षको जेठ मसान्त सम्म रु. ४५ करोड ३० लाख ४३ हजार ८ प्राप्त भएकोछ । जसमध्ये, आन्तरिक स्रोतबाट ८४ लाख ३६ हजार ४ सय ५७, अ.ल्या रु ३ करोड ८४ लाख ९७ हजार १४ र अन्तरसरकारी वित्तीय हस्तान्तरण रु ३२ करोड ३६ लाख १३ हजार १ सय ४, राजश्व बाँडफाँडबाट रु. ८ करोड ४२ लाख ६० हजार ६ सय ११ एवम् समाजिक सुरक्षा तर्फ १० करोड ७४ लाख ५७ हजार १ सय ६४ प्राप्त भएको छ।

८. त्यसैगरी, चालु आर्थिक वर्ष २०८१।०८२ को जेठ मसान्तसम्म रु. २८ करोड ६२ लाख ६२ हजार ६ सय १० खर्च भएकोछ। जुन अनुमानित खर्चको ५७.८ प्रतिशत मात्र हुन जान्छ। जेठ मसान्तसम्म भएको कूल खर्च मध्ये चालु तर्फ रु. २२ करोड २५ लाख ७ हजार ७ सय ८३ अर्थात ६७.६९

प्रतिशत र पूँजिगत तर्फ रु. ६ करोड ३७ लाख ५४ हजार ८ सय २७ अर्थात करिब ३८.२८ प्रतिशत खर्च भएको छ। चालु खर्चमा सामाजिक सुरक्षा कार्यक्रम रु. १० करोड ७४ लाख ५७ हजार १ सय ६४ समावेश गरिएको छैन।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यहरू**

अब म बजेट प्रणालीमा देखा परेका बजेट प्रणालीका प्रमुख चुनौतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- ➢ बढ्दो खर्चको तुलनामा स्रोतको प्रवन्ध तथा सन्तुलन मिलाउनु ।
- ➢ आन्तरिक राजस्वलाई अभिवृद्धी गर्नु ।
- ➢ नेपाल सरकार एवम् प्रदेश सरकारको वित्तिय समानिकरण अनुदान, राजस्व बाँडफाँडमा आएको संकुचनले गर्दा प्राथमिकताका योजना एवम् कार्यक्रमहरु सञ्चालन गर्नु ।
- ➢ चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजिगत खर्च वढाउनु।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभा सदस्यहरू**

९. माथी उल्लेखित चुनौतिहरूलाई मनन गर्दै गाउँपालिकाको समग्र विकास गर्न आ.व. २०८२/८३ को बजेटका उद्देश्य तथा प्रथमिकताहरू देहाय बमोजिम तय गरी प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरू**

- ➢ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा गुणस्तरियता एवम् सबैको समान पहुच कायम गर्न।
- ➢ कृषिको विविधिकरण, बजारीकरण, आधुनिकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणमा जोड दिदै रोजगारी सृजना गर्नु ।
- ➢ सार्वजिनिक सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउनु।
- ➢ दिगो पूर्वाधार निर्माणमा जोड दिनु ।
- ➢ सुशासन, समाजिक न्याय र आर्थिक समृद्धि हासिल गर्नु ।

**बजेटका प्राथमिकताहरू**

- ➢ गुणस्तरिय शिक्षा, स्वास्थ्य एवम् स्वच्छ खानेपानी ।
- ➢ गुणस्तरिय भौतिक पूर्वाधार निर्माण, वातावरण संरक्षण एवम् विपद व्यवस्थापन ।
- ➢ कृषि, पर्यटन एवम् सहकारी क्षेत्रको विकास ।
- ➢ महिला, बालबालिका, अपाङ्गता एवम् ज्येष्ठ नागरिकको सम्मान संरक्षण एवम् सशक्तीकरण।
- ➢ सुशासन, प्रभावकारी सेवा प्रवाह, सूचना प्रविधिको विकास एवम् गरीवी निवारण ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

१०. आर्थिक वर्ष २०८२।८३ को बजेटले निर्धारण गरेका उद्देश्य एवम् प्राथमिकता मुताविक कार्यसञ्चालन गर्न देहाय बमोजिम सुधारको प्रस्ताव गरेकोछु।

(क) वस्ती टोल हुँदै वडास्तरबाट प्राथमिकरण सहित माग भई आएका आयोजनालाई प्राथमिकताका साथ छनोट गर्ने व्यवस्था मिलाईनेछ ।

(ख) अल्पसंख्यक समुदाय, दलित, महिला, अपाङ्गता भएका नागरिक, पिछडा वर्गहरुको हित, उन्नति र प्रगतीका लागि सकारात्मक विभेद एवम् समाजिक न्यायको सिद्धान्त अवलम्बन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) ठूला आयोजनाहरु, जस्तै; सडक, पार्क, पर्यटकीय पूर्वाधार विकासको काम गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), वातावरणीय प्रभाव मूल्याङ्कन, जग्गा प्राप्ति लगायतका आवश्यक सबै तयारी पूरा गरेर मात्र बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

(घ) बहुवर्षीय आयोजना सञ्चालन गर्दा स्रोतको सुनिश्चितता गरेर मात्र सञ्चालन गर्ने नीति लिईनेछ।

(ङ) आयोजनाको ठेक्का लिई तोकिएको समय अगावै काम सम्पन्न गर्ने निर्माण व्यवसायीलाई प्रोत्साहन गरिनेछ।

(च) गाउँपालिकाको दिगो विकास, उन्नति र समृद्धिका लागि नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, एवम् सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सहकार्य गरी कार्यक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ।

(छ) प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक कार्यविधिगत तयारी आगामी भाद्र महिनाभित्र सम्पन्न गरी तत्काल कार्यक्रम कार्यान्वयनमा लैजाने वातावरण सिर्जना गरिनेछ।

(ज) गाउँपालिकाबाट सञ्चालन हुने सबै प्रकारका कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गरी गराई पृष्ठपोषण लिने र प्राप्त पृष्ठपोषण बमोजिम सुधार गर्दै लैजाने व्यवस्था मिलाईनेछ।

(झ) चालु खर्चलाई वाञ्छित सिमा भित्र राखी पूँजीगत खर्च बढाउने व्यवस्था मिलाइने छ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्यूहरु,**

अब म गाउँपालिकाको आ.व. २०८२/०८३का लागि प्रस्तावित राजस्व र खर्च विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आर्थिक वर्ष २०८२/०८३ का लागि कूल आय रु. १ अर्व २ करोड ९१ लाख हुने अनुमान गरिएको छ। कूल खर्चमा चालु तर्फ रु. ३४ करोड ३९ लाख र पूँजीगत तर्फ रु. ४१ करोड ५२ लाख खर्च हुने अनुमान गरिएकोछ। सामाजिक सुरक्षा तर्फ रु २७ करोड अनुमान गरिएको छ। कूल आय तथा व्ययको श्रोत विवरण निम्न अनुसार रहेको छ।

**आय तर्फः**

- आन्तरिक आय :- रु. ३ करोड ६९ लाख ५३ हजार ५ सय ८१
- राजश्व बाँडफाँड :- रु. १० करोड ७८ लाख ९९ हजार ४ सय १९

- अन्तर सरकार वित्तीय हस्तान्तरण (नेपाल सरकार) :- रु. ५२ करोड २७ लाख
- अन्तर सरकार वित्तीय हस्तान्तरण (प्रदेश सरकार): रु. ५ करोड ७० लाख ४७ हजार
- सरी आएको मौज्दात :- रु. ३ करोड ४५ लाख
- सामाजिक सुरक्षा तर्फःरु २७ करोड ।
- कूल जम्मा आय :- रु. १ अर्ब २ करोड ९१ लाख ।

**व्यय तर्फः**

- चालु खर्च तर्फ रु. ३४ करोड ३९ लाख
- पूँजीगत खर्च तर्फ :- रु. ४१ करोड ५२ लाख
- कुल खर्च :- रु. ७५ करोड ९१ लाख (सामाजिक सुरक्षा बाहेक)

३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानून बमोजिम मैले सम्मानित गाउँ कार्यपालिकाको २० औं बैठकको सर्वसम्मत निर्णय बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि बजेट तथा कार्यक्रम तर्जुमा गरी यस सम्मानित गाउँसभा समक्ष प्रस्तुत गरेको छु। बजेटको विस्तृत विवरण यसै साथ संलग्न अनुसुचिहरुमा रहेको व्यहोरा यस सम्मानित गाउँसभा समक्ष जानकारी गराउन चाहन्छु।

४. अब म सम्मानित गाउँ सभा समक्ष मैले माथि प्रस्तुत गरेको गाउँपालिकाको गत वर्ष २०८०/८१ को यथार्थ आय र व्यय, चालु आर्थिक वर्ष २०८१।८२ को संसोधित आय र व्यय, आगामी आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय र व्ययको विवरण सम्मानित गाउँसभामा घनिभूत छलफल भै पारित हुनका लागि प्रस्ताव गर्दछु ।

त्यसैगरी, आगामी आर्थिक वर्ष २०८२/०८३को प्रस्तावित आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ उपर छलफल गरी पारित गरियोस् भनी प्रस्ताव गर्दछु।

५. आगामी आर्थिक वर्षमा कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु आर्थिक विधेयक २०८२ र विनियोजन विधेयक २०८२ उपर समेत छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागि ऐनको रुपमा कार्यान्वयन गर्न ती दुबै विधेयकलाई यस सम्मानित गाउँ सभा समक्ष पेश गर्दछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**
**गाउँ सभाका सदस्यहरु,**

६. यस गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितीय त्रुटिहरु रहेका हुन सक्छन्। यसको लागि सम्मानित गाउँसभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएको देखिएमा सच्याउनका लागि गाउँ कार्यपालिका मार्फत सम्मानित गाउँ सभा समक्ष सादर अनुमति माग गर्दछु।

७. आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृतिको लागि गाउँ कार्यपालिकाको गत आर्थिक वर्ष २०८०।८१ को यथार्थ आय व्यय तथा चालु आर्थिक वर्ष २०८१।०८२ कार्यक्रमगत खर्च समर्थनको लागि समेत पेश गर्दछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

८. प्रस्तुत कार्यक्रम तथा बजेट तर्जुमाका लागि आफ्नो अमूल्य राय, सुझाव दिनु हुने गाउँ कार्यपालिकाका सदस्यहरू, सबै विषयगत समितिका संयोजक एवम् सदस्यहरु लगायत सबै विज्ञ महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । बजेटको नीति, सिद्धान्त र प्राथमिकतामा घनिभूत छलफल गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सुझाव, सल्लाह दिनु हुने गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरु, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, व्यापारी, व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवा, पत्रकार मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

९. अन्त्यमा हामीबाट प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमका प्राथमिकता कार्यक्रमहरू साँझेदारी र सहकार्यमा कार्यान्वयनका लागि सहयोग गरि दिनु हुन नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार, राजनीतिक दल, सम्पूर्ण बुद्धिजीवी एवम् प्रबुद्ध वर्गहरु, आम गाउँपालिका बासी आमा बुवा दाजु भाई दिदी बहिनीहरु, मतदाता, निजी क्षेत्र, गाउँपालिका सम्पूर्ण कर्मचारी, संचार जगत, नागरिक समाज लगायत स्रोत परिचालन, कानूनी सहायता, प्राविधिक तथा परामर्श क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु समक्ष हार्दिक अनुरोध गर्दछु।

**२०८२ असार ९ सोमबार**

**गणेशराज गिरी**

**उपाध्यक्ष**

**बर्दगोरिया गाउँपालिका**